मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ५ गते सोमबार ❑ 19 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## पच्चीस बुँदे आह्वान जारी गर्दै सकियो सगरमाथा संवाद

**रासस**
काठमाडौं, ४ जेठ

नेपाल सरकारले पहिलो पटक आयोजना गरेको सगरमाथा संवाद २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै आइतबार सम्पन्न भएको छ । 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' विषयको पहिलो संस्करण यही जेठ २ देखि सुरु भएको थियो ।

सगरमाथा कार्य आह्वानले दिगो भविष्य सुनिश्चित गर्न साझेदारीलाई सुदृढ गरेर पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी विश्वव्यापी औसत तापक्रम वृद्धि हुन नदिने अत्यावश्यकतालाई पुनः पुष्टि गरेको छ ।

आफ्नो देश विशेष अनुकूलन आवश्यकताहरू पूरा गर्न राष्ट्रिय अनुकूलन योजनाहरू विकास र कार्यान्वयन गर्न थप प्रोत्साहित गरिने, विकासशील र विशेष परिस्थितिमा रहेका देशमा जलवायु कार्य कार्यान्वयनका लागि अन्तरराष्ट्रिय वित्तीय सहायताको वृद्धि र परिचालन गर्न आह्वान गरिने उल्लेख छ ।

संवादले विकासशील र जलवायु परिवर्तनको जोखिममा रहेका देशलाई द्विपक्षीय, बहुपक्षीय र वैकल्पिक स्रोतबाट वित्तीय संयन्त्रका सञ्चालन निकाय र यूएनएफसीसीसी र पेरिस सम्झौताअन्तर्गतका कोषसहित अन्तरराष्ट्रिय जलवायु वित्तमा समान र सरलीकृत पहुँच सुनिश्चित गर्न सामूहिक प्रयासहरूलाई प्रोत्साहित गर्न आह्वान गरेको छ ।

पर्वतीय क्षेत्रहरूमा जलवायु कार्य र दिगो विकासका लागि लक्षित वित्तीय स्रोतहरू परिचालन गर्न पर्वतीय देशहरूको विकासका लागि समर्पित कोष स्थापना गर्ने आह्वानलाई समर्थन गर्ने र मौजूदा तथा नवप्रवर्तनकारी वित्तीय स्रोतहरूको उपयोग गरी पर्वतीय पारिस्थितिक प्रणाली सेवाहरूको मान्यता, सम्मान र पुरस्कृत गर्न प्राथमिकता दिने सगरमाथा कार्य आह्वानमा उल्लेख छ ।

दगो जलवायु कार्यलाई बढावा दिन निजी क्षेत्रको वित्त र कार्बन बजारहरूको भूमिकालाई जोड दिने, जलवायुमैत्री प्रविधिमा पहुँच सहज बनाउन र क्षमता अभिवृद्धि गर्न विश्वव्यापी र क्षेत्रीय साझेदारीलाई सुदृढ गर्ने संवादको निष्कर्ष छ ।

संवादले ग्रामीण र सहरी समुदाय दुवैमा सानादेखि ठूला स्तरका पूर्वाधारसम्म हरित, लचिलो र समावेशी विकास प्रवर्द्धन गर्ने महत्त्वलाई स्वीकार गर्दै स्वच्छ ऊर्जा, ऊर्जा दक्षता र न्यायपूर्ण ऊर्जाको महत्वलाई जोड दिने, स्वच्छ ऊर्जाका साथै हरित, चक्रीय र बायो-अर्थतन्त्रमार्फत भविष्यलाई शक्ति प्रदान गर्ने महत्त्वलाई स्वीकार गरेको छ ।

जलवायुजन्य विपद्हरूलाई सम्बोधन गर्न र हिमनदी, जलस्रोत, वन र कृषि प्रणालीको संरक्षणका लागि विज्ञान, प्रविधि र नवप्रवर्तनमा आधारित समाधानहरूलाई प्रवर्द्धन गर्ने आह्वानमा उल्लेख छ । "क्षेत्रीय जलवायु, मनसुन, क्रायोस्फियर र जनस्वास्थ्यमा गहिरो प्रभाव पार्ने ट्रिपल प्लानेटरी क्राइसिस र अल्पकालीन जलवायु प्रदूषकहरूमा विशेष ध्यान दिई हिमाल र जलवायु परिवर्तन एजेन्डामा संवादलाई प्रोत्साहित गर्दछौं । विकासशील देशहरूको आवश्यकता अनुरूप तथ्याङ्क प्रणालीलाई सुदृढ गर्ने, तथ्याङ्क साझेदारी र अन्तरसञ्चालन सुनिश्चित गर्ने र जलवायु एट्रिब्युशन र पूर्वचेतावनी संयन्त्रहरू विकास गर्ने अत्यावश्यकतालाई स्वीकार गर्दछौं" सथरमाथा कार्य आह्वानका उल्लेख छ ।

बालबालिका, युवा, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको सक्रिय सहभागितामार्फत समावेशी जलवायु कार्यहरूलाई बढावा दिन र अन्तर-पुस्ता र अन्तर-पुस्ता समानता कायम राख्दै लैङ्गिक सन्तुलन कायम गर्ने आह्वानमा उल्लेख छ। पर्वतीय समुदायहरूको आवाजलाई विश्वव्यापी जलवायु प्रक्रियाहरूमा बुलन्द गर्ने उद्देश्यले संवाद, नवप्रवर्तन र सशक्तीकरणका लागि हिमाल र जलवायु परिवर्तनसम्बन्धी बहु-सरोकारवाला अन्तरराष्ट्रिय मञ्चको सिर्जना गर्न आह्वान गरिएको छ । आह्वानमा भनिएको छ, "स्थानीय र आदिवासी समुदायहरूको जलवायु नीति, कार्यक्रम र कार्यहरूमा, अनुकूलन र संरक्षण पहलसहित भूमिकालाई स्वीकार गर्दछौं । वातावरणीय सेवाहरूको भुक्तानीका लागि संयन्त्रहरू विकास गर्ने आवश्यकतालाई जोड दिने र नवप्रवर्तनकारी जलवायु वित्तपोषण अपनाउन सक्षम बनाउन आह्वान गर्दछौं ।" ज्ञान केन्द्रहरू विकास, उत्कृष्ट अभ्यासहरू साझा गर्ने र जलवायु नीति, कार्यक्रम र कार्यहरूमा स्थानीय समुदायहरूको भूमिका बढाउने आवश्यकतालाई जोड दिइएको छ । संवादमा सगरमाथादेखि समुद्रसम्म र उच्च भूभागदेखि टापुसम्म गुञ्जिने गरी तत्काल जलवायु कार्यका लागि साझा आवाज बनाउने संकल्प गरिएको छ ।

## यात्रुको सुरक्षालाई प्राथमिकता दिएर राइड सेयरिङ नियमावली : मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारले यात्रुको सुरक्षा र सुविधालाई प्राथमिकता दिएर राइड सेयरिङ नियमावली जारी गरेको बताउनुभएको छ ।

गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली जारी गरेसँगै आइतबार सरकारलाई धन्यवाद दिन पुगेका राइडर्स र सेल्फ ड्राइभ सञ्चालकहरूसँगको भेटमा उहाँले यात्रुको सुरक्षा र सुविधा नै सरकारको पहिलो प्राथमिकता भएको बताउनुभयो । राइड सेयरिङले यातायात सञ्चालन गरिरहेका व्यवसायीलाई पनि घाटा नहुने उल्लेख गर्दै उहाँले भाडाका सवारीसाधन सञ्चालन गर्दै आएका कम्पनीलाई प्रोत्साहित गर्न दर्तामा छुट दिने नीति लिएको बताउनुभयो । राइड सेयरिङमा दर्ता हुने कम्पनी र एप्सले सुरक्षाको सबै मापदण्ड पूरा गरेको हुनुपर्ने बताउँदै मुख्यमन्त्री पाण्डेले यात्रु र राइडर्सको पनि सुरक्षा हुने गरी नियमावलीमा व्यवस्था गरिएका कारण यसको पूर्ण पालना गर्न सुझाउनुभयो । यसले नागरिकले पनि सुविधा पाउने, थप रोजगारी सिर्जना हुने, अहिले कानुनी रूपमा अवैध रहेर सञ्चालन भइरहेको सेवाले कानुनी मान्यता पाउने र सरकारलाई पनि राजस्व बढ्ने उहाँको भनाइ थियो । राइड सेयरिङ नियमावलीले कसैलाई घाटा नरहेको बताउँदै उहाँले प्रक्रिया पूरा नगर्नेहरूलाई जरिवाना धेरै रहेको स्मरण गराउनुभयो ।
अटेर गर्नेलाई छुट नहुने र सबैले नियम पालना गर्नुपर्ने उहाँको भनाइ छ ।

राइडर्स नेपाल पोखराका अध्यक्ष अनील श्रेष्ठले नेपालमै पहिलोपटक गण्डकी प्रदेश सरकारले राईड सेयरिङ नियमावली जारी गरेर युवाहरूको रोजगारी र यात्रुको सस्तो, सहुलियत सुविधाको 'ग्यारेन्टी' गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो । "यहाँ प्रशस्त राइड सेयरिङ चलिरहेकै थियो, हजारौं व्यक्तिले यसबाट सेवा पाइरहेकै थिए, हामीले सेवा दिइरहेका थियौं", उहाँले भन्नुभयो, "यात्रुले सजिलो, छिटो, स्तरीय सेवा पाऊन् र हामीजस्ता युवाहरूको रोजीरोटीको पनि गण्डकी सरकारको यो निर्णयले ग्यारेन्टी गरेको छ।" सेल्फ ड्राइभ सञ्चालक रमेशराज पाण्डेले नियमावलीले आफूहरूलाई व्यवसाय गर्न सहज हुने र अब पहिलेजस्तो दुःख भोग्नु नपर्ला भन्नेमा खुसी भएको बताउनुभयो । सरकारले ल्याएको मापदण्डभित्र रहेर सेवा दिन तयार रहेको बताउँदै उहाँले पर्यटकीय राजधानीमा आन्तरिक तथा बाह्य पर्यटकलाई नियम कानुनभित्र रहेर सेवा दिन पाउने ढोका खुलेको बताउनुभयो । गण्डकी प्रदेश सरकारले वैशाख ३१ गतेको मन्त्रिपरिषद् बैठकबाट राइड सेयरिङ नियमन र व्यवस्थापनसम्बन्धी छुट्टै नियमावली जारी गरेको थियो ।

## तरबुजा मेलामा कृषकको जोशसँगै उपभोक्ता खुशी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

पानी परेपछिको शितल मौसम । कोन सहकारीका सचिव सुरेन्द्रप्रसाद सिग्देल सहकारीको बैठक हलवाट तल झर्नुभयो । घर तर्फ तन्केको सिग्देलको मन पश्चिम तर्फ वडामा आँखा पर्न गयो । कसैको हातमा हरिया डल्ला । कसैले प्लाष्टिक भरी डल्ला बोकेर हिंडेका । ओहो यहाँ त आज तरबुजा मेला पो । सिग्देलको विपीमार्ग स्थित घरतर्फ बढेका खुट्टा झ्याप्प रोकिए । घर हैन वडा तर्फ बढे । वडा भित्र राखिएका तरबुजाका स्टलमा आँखा रसाए । रसाएका आँखा एक पछि अर्को गर्दै एउटा स्टलमा रोकीयो आँखा । एउटा तरबुजा जोख्नुहोस भन्दै आँफ्नो स्वास्थ्यको वारे जानकारी दिँदै उपस्थित सबैलाई फलफूल खान सल्लाह पनि दिन भ्याए । आफ्नै वडामा उत्पादन भइ घर अगाडि किन्न पाउँदा ज्यादै खुशीको अनुभव व्यक्त गरे । वडाले यसरी मेला आयोजना गर्नाले हामी सवैलाई सजिलो र किसानलाई उत्साहित बनाएको सिग्देलले भने । सरकारी जागिरमा रमाएका सिग्देल २०७५ भदौ १ गते निवृत भई भारतमा एक वर्ष दश दिनको उपचार पछि घर फर्कनु भएको सिग्देलको २० वर्षे उमेरमा जस्तो जोस जाँगर थियो उस्तै छ आज पनि । विस २०१७ साल फागुन २९ गते जन्मनुभएको सिग्देलले वडाका हरेक गतिविधीमा चासो



राख्ने र वडा अध्यक्ष किरण वराल सँगको हरेक भेटमा राम्रो सल्लाह दिने उहाँको वानी छ ।

युवाले उत्पादन गरेको तरबुजालाई सिदै उपभोक्तासँग भेट गराएकोमा वडालाई पनि धन्यवाद दिए सिग्देलले । स्थानीय उत्पादनलाईप्रोत्साहनगर्नेउद्देश्यसहित पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा कृषि विकास शाखा र पोखरा महानगरपालिका वडा नम्बर १३ को आयोजनामा वार्ड स्तरीय कृषि सञ्जाल १३ को व्यवस्थापनमा हालै तरबुजा मेला २०८२ सम्पन्न भएको छ । तरबुजा खेती कृषकलाई सिधैं उपभोक्तासँग भेट गराउनका लागि वडा १३ को परिसरमा मेला आयोजना गरिएको थियो । मेलामा कृषक र स्थानीय बिच तरबुजा किनमेलमा बाक्लो उपस्थिति रहेको थियो । मेलामा उपस्थित स्थानीय तथा किसान दुबै खुसी देखिएका थिए । केही किसानले उत्पादन भएको स्थान वरिपरि मेला आयोजना गरेमा अझ प्रभावकारी हुने सल्लाह दिएका छन् । एक दिनको लागि मेलामा ५० रुपयाँ प्रति किलोमा तरबुजा बिक्री गरिएको थियो । पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौंलागाईले यस्ता मेला गर्नाले किसानलाई थप उर्जा थप्ने धारणा राखे ।

गत वर्ष १०/१२ रोपनीमा भएको तरबुजा खेती अहिले धेरै स्थानमा भएको पोखरा महानगरको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिए । आर्थिक विकास महाशाखाले विभिन्न समयमा प्राविधिक सहायतासमेत उपलब्ध गराएर कृषकहरूले लगाएका तरबुजा खेतीको नियमित अनुगमन र रेखदेखसमेत गरिरहेको उनले वताए । वडा अध्यक्ष किरण बरालले आफ्ना वडाका तरबुजा कृषकलाई हौसला प्रदान गर्ने उद्देश्यले यो वर्ष पनि मेला आयोजना गरिएको बताए । किसान खुशी भएर यो क्षेत्रमा लागेकाले आफ्नो वडाबाट मात्र लगभग ५० लाख तरबुजा बिक्री हुने उनको अनुमान छ । विशेष गरी तरबुजा खेती गर्नेहरुसँग बिचौलियाहरु सर्म्पक नगरुन भनेर स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने मेलाको मुख्य उद्देश्य रहेको अध्यक्ष वरालले पोखरापत्रलाई वताए । मेलामा तरबुजा प्रदर्शनी, निःशुल्क स्वाद परीक्षण, प्राविधिक जानकारी आदान-प्रदान, सफल किसानका अनुभव साझा, परिकार प्रदर्शनी तथा बाली उपचार शिविर समेत समावेश गरिएको थियो ।

उत्पादन गर्ने किसानहरु मध्येवाट मणिदिप कृषि फार्मलाई पाँचा हजार, पिपलडाली कृषि समुहलाई चार हजार, सुर्यचन्द्र कृषि समुहलाई तीनहजार र चण्डेश्वरी कृषि समुहलाई एक हजार प्रदान गरी पुरस्कृत गरिएको थियो । त्यसैगरी सबै भन्दा ठुलो फलाउने कृषक वडा नम्बर ३३ का ज्ञान बहादुर कार्की र हरिप्रसाद आचार्य पनि पुरस्कृति गरिएको थियो ।

वडा १३ का अध्यक्ष वरालको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेश कृषि मन्त्रालयका सचिव बासु रेग्मी, वडा नम्बर १३ का सफल युवा किसान रोशन वराल र वडा नम्बर २८ का कृषि सञ्जालका अध्यक्ष राधकृष्ण तिवारी लगायत वोलेको कार्यक्रममा वडा नं १३ का कृषि सञ्जालका अध्यक्ष नरेन्द्र अधिकारीले स्वागत र वडा सदस्य रजनी परियारले संचालन गरेकि थिइन् ।


## गण्डकीमा बजेटको आकार घट्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

समानीकरण अनुदान र राजस्व खुम्चँदा गण्डकी प्रदेशमा आगामी आर्थिक वर्ष २०८२/८३ मा बजेटको आकार घट्ने भएको छ ।

चालु आवमा रु ३२ अर्ब ९७ करोडको बजेट ल्याएको प्रदेश सरकारलाई आगामी आवका लागि रु २९ अर्ब ५० करोड

बाँकी अन्तिम पृष्ठमा ▶▶



# पोखरामा पाँचौं संस्करणको ब्रेकिङ बाउण्ड्रिज टी-२० क्रिकेट प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

पोखरा क्रिकेट एकेडेमीको आयोजना तथा किडासा फाउण्डेशनको मुख्य सहयोगमा पोखरामा पाँचौं संस्करणको ब्रेकिङ्ग बाउण्ड्रिज अन्तर विद्यालय छात्र-छात्रा टी-२० क्रिकेट प्रतियोगिता शुरु भएको छ।




पोखरा महानगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष विष्णु प्रसाद बरालले एक समारोहका विच प्रतियोगिताको उद्घघाटन गर्नुभयो। प्रतियोगिता उद्घाटन गर्दै वडाध्यक्ष बरालले विद्यालयस्तरमा आयोजना हुने प्रतियोगिताले नवप्रतिभाशाली खेलाडी उत्पादनमा मद्धत पुग्ने बताउनुभयो । खेलाडीहरुभित्र रहेका प्रतिभा प्रस्फुटन गर्न पनि यस्ता प्रतियोगिता सिद्ध हुने उहाँले औंल्याउनुभयो। पछिल्लो समय नेपालमा क्रिकेटको लोकप्रियता बढेको जनाउँदै अब यस खेलमा व्यवसायिकताको खाँचो रहेको उहाँले जनाउनुभयो।

सो अवसरमा आयोजक एकेडेमीका अध्यक्ष बबिन कुँवर, किडासा फाउण्डेशनका वित्त व्यवस्थापक सविन उदास, बाराही माविका प्रध्यानाध्यापक शिवप्रसाद भण्डारी, खेल शिक्षक सुसिल केसी, गण्डकी प्रदेश क्रिकेट संघका प्रशिक्षक रिजन प्रजु लगायतले शुभकामना मन्तव्य प्रकट गरेका थिए।

यसैविच मालेपाटन खेल मैदानमा भएको उद्घाटन दिनको खेलमा छात्रतर्फ बाराही माविले राष्ट्रिय माविलाई ७ रनले पराजित गरेको छ। टस जितेको राष्ट्रिय माविले फिल्डिङ रोजेपछि व्याटिङमा उत्रिएको बाराहीले निर्धारित १९ ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय ९ रन बनाएको थियो। प्रत्युत्तरमा राष्ट्रिय माविले १९.१ ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय २ रन बनायो।

प्रतियोगितामा कास्कीका २० विद्यालयले सहभागिता जनाएका छन् । छात्र छात्रा दुवैतर्फ विजयी विद्यालयले नगद १५/१५ हजार सहित ट्रफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन्। त्यसैगरि सहभागि विद्यालयहरुलाई क्रिकेट खेल सामग्री सहयोग प्रदान गरिने आयोजक एकेडेमीका अध्यक्ष बबिन कुँवरले जानकारी दिनुभयो।

# शुक्ला साहित्य प्रतिष्ठानले कविता प्रतियोगिता गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

मोफसलको सबैभन्दा पुरानो साहित्यीक संस्था शुक्ला साहित्य प्रतिष्ठान,पोखराको आयोजनामा सामुदायिक विद्यालय स्तरीय कविता प्रतियोगिता हुने भएको छ।

पोखराका १६ र १९ नम्वर वडाका सामुदायिक विद्यालयका ८ वटा तथा माछापुच्छे गाउँ पालिका २ सार्दिखोलामा रहेको माछापुच्छे मा वि गरी ९ वटा विद्यालयले प्रतियोगितामा सहभागिता जनाउने कार्यक्रमका संयोजक पत्रकार यदुनाथ बन्जाराले बताए। यही जेठ ९ गते तल्लाकोटमा रहेको बिन्ध्येश्वरी माविमा हुने प्रतियोगितामा पोखरा १६ मा रहेको विन्ध्यवासिनी मावि बाटुलेचौर, इन्द्रराज्यलक्ष्मी मा वि, लामाचौर, अन्नपूर्ण आ वि, अर्मला, ज्ञानज्योती मावि, छहरेपानी र शान्ती मा वि जुम्लेटी यस्तै पोखरा १९ मा भारती भवन मा वि पुरन्चौर, महेन्द्र मा बि घार्मी, बिन्धेश्वरी मा बि तल्लाकोट रहेको छ।

खुल्ला कविता प्रतियोगितामा प्रत्येक विद्यालयबाट २/२ जना विद्यार्थीले सहभागिता जनाउन सक्ने गरी प्रबन्ध मिलाइएको प्रतिष्ठान सचिव रामप्रसाद पौडेलले बताए । मोफसलमा रहेर साहित्य, कला र संस्कृतिको जगेर्ना र प्रबर्द्धनमा सकृय रहदै आएको शुक्ला साहित्य प्रतिष्ठानले साहित्यको बिकास र उन्नयनमा सामुदायिक विद्यालयलाई प्राथमिकतामा राखेको छ। साहित्यको बिकाश गर्न विद्यालयलाई जगको रुपमा लिइएको र साहित्य सम्बन्धी विभिन्न कार्यक्रमहरु आलोपालो गरिने नीति लिइएको प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमले बताइन।

कविता प्रतियोगिता सम्पन्न गर्न यदुनाथ बन्जाराको सयोजकत्वमा लक्ष्मी देवकोटा र प्रकाश अधिकारी सदस्य रहेको समिती गठन गरिएको छ।साहित्य कला र धर्म सस्कृतिको प्रबर्द्धनका लागि स्थानिय र प्रदेश सरकारले बजेटको प्रबन्ध मिलाउन सकेमा देश र जनताले महसुस गर्ने गरि उपलब्धी दिन सकिनेमा दुई मत छैन।

आगामी आ बको बजेटमा बजेट बिनियोजन गर्न दुबै तहको सरकारलाइअनुरोधगर्नेप्रतिष्ठानका उपाध्यक्ष दिपेन्द्र बानियाँले बताएका छन । प्रतिष्ठानले हरेक भाद्र कृष्ण जन्माष्टमीको दिन राष्ट्रिय स्तरको कृष्ण भजन प्रतियोगीता गर्दै आईरहेको छ।

# गण्डकीमा ...

बराबरको बजेट ल्याउन प्रदेश स्रोत अनुमान समितिले सिफारिस गरेको छ।

आर्थिक मामिला मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका प्रमुख डिल्लीराम रिज्यालका अनुसार मन्त्रालयगत रूपमा बजेटको 'सिलिङ' घटेको जानकारी दिनुभयो। "झण्डै तीन अर्बले बजेट घट्ने अनुमान गरिएको छ, समानीकरण र समपूरकतर्फको बजेट कटौती हुँदा बजेट निर्माणमा दबाब बढेको हो, प्रदेशको आन्तरिक स्रोत पनि बढ्न सकेको छैन", उहाँले भन्नुभयो। आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहँदा लक्ष्यको जम्मा ५२ प्रतिशत राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो। चालु आवमा लक्ष्यको झण्डै ७० प्रतिशतमात्र राजस्व उठ्ने देखिएको उहाँको भनाइ छ। प्रदेश नीति तथा योजना आयोगले सङ्घ सरकारले ल्याउने बजेटका आधारमा प्रदेशको बजेट केही थपघट हुनसक्ने जनाएको छ।

अहिलेकै अवस्थामा भने प्रदेश सरकारले ल्याउने बजेट घटेर आउने आयोगको भनाइ छ। आयोगले भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयलाई मात्र रु नौ अर्ब ४८ करोडको 'सिलिङ' तोकेर पठाएको छ । चालु आवमा उक्त मन्त्रालयमा रु १२ अर्ब ७० करोड बजेट थियो । ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको 'सिलिङ' रु तीन अर्ब ९० करोड तोकिएको छ । चालु आवमा उक्त मन्त्रालयका लागि रु चार अर्ब चार करोड ५३ लाख बजेट विनियोजन गरिएको थियो। कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा पनि चालु आवको भन्दा कम जम्मा रु एक अर्ब ९० करोडको बजेट 'सिलिङ' तोकिएको छ । चालु आवमा दुई अर्ब बढीको बजेट उक्त मन्त्रालयलाई छुट्टिएको थियो। यस्तै स्वास्थ्य मन्त्रालयका लागि रु ती अर्ब दुई करोड ६७ लाख, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयलाई रु एक अर्ब ३५ लाख, वन तथा वातावरण मन्त्रालयका लागि रु ९० करोड, उद्योग तथा पर्यटन मन्त्रालयतलाई रु ६५ करोडको 'सिलिङ' तोकेर बजेट निर्माणको काम भइरहेको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि रु एक अर्ब १५ लाख, आर्थिक मामिला मन्त्रालय तर्फ रु १३ करोड ३६ लाखको 'सिलिङ' तोकिएको छ। प्रदेश सरकारले आगामी बजेटमा कृषि, पर्यटन र स्वास्थ्यलाई प्राथमिकता दिनेगरी बजेट बाँडफाँटको तयारी अगाडि बढाएको छ । प्रदेशको दास्रो पञ्चवर्षीय योजनालाई आधार बनाएर बजेटका प्राथमिकता निर्धारण गरिने भएको हो। आर्थिक मामिला मन्त्रालयले विषयगत मन्त्रालयसँग बजेट निर्माणबारे छलफल सुरु गरेको छ। यसअघि स्थानीय तह, निजी क्षेत्रलगायतसँग बजेटका विषयमा छलफल गरिएको थियो।

प्रदेश सरकारले आगामी नीति, कार्यक्रम र बजेटमा नीतिगत सुधारका विषयलाई बढी जोड दिइने जनाएको छ । कार्यान्वयनयोग्य र प्रदेशको यर्थाथअनुसारको बजेट ल्याइने तयारी गरिएको हो । बजेट तर्जुमा र समन्वयका विषयमा विषयगत मन्त्रालयय र मातहतका निकायसँग छलफल भइरहेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले आगामी असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

# हेमजामा अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता-२०८२ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

"युवा एकता र विकासका लागि खेलकुद " भन्ने मूल नाराका साथ पोखरा महानगरपालिका वडा न.२५ हेमजामा अवस्थित हेमजा यूनाईटेडको आयोजनामा तथा पोखरा महानगर एवं २५ नं वडा कार्यालयको संरक्षणमा यही जेष्ठ १० देखि १७ गते सम्म ३५ वर्ष भन्दा माथि उमेर समूहको "अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता-२०८२"को आयोजना गरिएको छ।

खेलकुदको माध्यमबाट एकता भाईचार बढाउदै खेलकुदमा अभिरुचि जगाई खेलकुदका मध्यम बाट स्वास्थ्य राख्ने साथै गौरीशङ्कर खेल मैदान(गैरी)लाई स्तरोन्नति तथा संरक्षण गर्ने उद्देश्यका साथ प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए।

प्रतियोगितामा प्रथम पुरस्कार रु १ लाख ११ हजार १११ र द्धितिय पुरस्कार रु ५५ हजार ५५५ साथमा ट्रफी, मेडल र प्रमाणपत्र रहेको छ।

उत्कृष्ट विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकता, उत्कृष्ट गोलरक्षक,उत्कृष्ट डिफेन्डर,उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई प्रत्येक विधामा नगद रु २ हजार साथमा ट्रफि प्रदान गरिने क्लबका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक इन्द्र बहादुर कुवरले जानकारी दिए। साथै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार साथमा ट्रफी र क्वाटर फाइनल देखिका म्याचहरूमा म्यान अफ दि म्याच घोषण गरी ट्रफी प्रदान गरिने समेत कुवरले उल्लेख गरे । प्रतियोगितामा सहभागी हुन दर्ता शुल्क नगद रु १० हजार राखिएको छ। साथै सहभागिताका लागि यही जेष्ठ ८ गते बिहीबार ५:३० बजे सम्म टिम दर्ता गरी सक्नुपर्ने खेल समन्वय संयोजक सौरभ काकीले जानकारी दिए।

गण्डकी प्रदेश फुटबल संघ, कास्की जिल्ला फुटबल संघ र जिल्ला खेलकुद विकास समितिको विशेष सहयोगीको भुमिका रहेको छ। खेल पोखरा-२५, हेमजा गौरीशङ्कर खेल मैदान (गैरी)मा हुने छ।

# 'स्वास्थ्य सेवा सरकारको प्राथमिकतामा छ'

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्वास्थ्य सेवा सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

पोखरा महानगरपालिका-२६ स्थितगण्डकीआयुर्वेदअस्पतालको अन्तरङ्गलगायत सेवाको आइतबार शुभारम्भ गर्दै उहाँले सरकारले आगामी बजेटमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखिने बताउनुभयो ।सरकारको आगामी आर्थिक वर्षको बजेटमा अन्य मन्त्रालयको बजेट घटे पनि स्वास्थ्यतर्फको बजेट नघट्ने र गत वर्षभन्दा केही बढ्ने उहाँको भनाइ थियो। मुख्यमन्त्री पाण्डेले पछिल्लो समय आयुर्वेद चिकित्साप्रति आकर्षण बढिरहेको र यसको विकास तथा विस्तारका लागि सरकार लागेको बताउनुभयो । उहाँले नेपाल जटिबुटीका लागि हामी सम्पन्न रहेकाले यसको उपयोगतर्फ लाग्नका लागि आयुर्वेद चिकित्सालाई अघि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले सरकारले प्रदेशमा रहेका अस्पतालहरू स्तरोन्नति गर्ने क्रममा गण्डकी आयुर्वेद अस्पतालको स्तरोन्नति गरिएको बताउनुभयो।

आधुनिक मात्र नभै प्राचीन र प्राकृतिक चिकित्सा क्षेत्रको विकासलाई सँगसँगै लैजानुपर्नेमा सरकार प्रष्ट रहेको उहाँले बताउनुभयो । प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले आयुर्वेद चिकित्साप्रति आकर्षण बढिरहेको बताउनुभयो। गुणकारी औषधिजन्य वस्तुको पहिचान गरी त्यसको उपयोग गर्नुपर्ने भन्दै उहाँले यसका लागि आयुर्वेद चिकित्सा प्रणालीलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो।कार्यक्रममा प्रदेशका स्वास्थ्य सचिव विश्वबन्धु बगाले, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, गण्डकी आयुर्वेद अस्पतालका प्रमुख डा शङ्कर गौतम, डा दिक्षा पौडेललगायतले धारणा राख्नुभएको थियो । त्यस अवसरमा मुख्यमन्त्री पाण्डेले अस्पतालको अन्तरङ्ग सेवासँगै अस्पतालमा रहेको सःशुल्क फार्मेशी, जडिबुटी औषधि उत्पादन एकाइ, कुटीस्वेदन यन्त्रलगायतको उद्घाटन र बिरामीलाई फलफूल वितरण गर्नुभएको थियो।

# एमाले उपमहासचिव गुरुङ सम्मानित

**पोखरापत्र संवाददाता**
लमजुङ, ४ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङ सम्मानित हुनुभएको छ।

एमाले लमजुङको नवौं जिल्ला अधिवेशन परिषद्को प्रथम बैठकको समापनका अवसरमा आज यहाँ उहाँसहित अन्य नेतालाई पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, जिल्ला अध्यक्ष राजकुमार विष्टलगायतले खादा र सम्मानपत्रद्वारा सम्मान गर्नुभएको हो। नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङ तत्कालीन सयममा (विसं २०४३) जनपक्षीय उम्मेदवारसमेत बन्नुभएको थियो । सोही अवसरमा पार्टीले विसं २०४३, २०४९ र विसं २०५४ मा उम्मेदावर बनेका दुई सय १४ जना पार्टीका नेतालाई सम्मान गरेको थियो । विसं २०३४ देखि राजनीतिमा सक्रिय नेता गुरुङ पार्टीभित्र खरो र प्रष्ट वक्ताका रूपमा परिचित हुनुहुन्छ। सञ्चारमन्त्री गुरुङसहित पूर्वजनप्रतिनिधिलाई पार्टीको नीतिअनुसार समाजवादोन्मुख समृद्ध नेपालको आधार निर्माण गर्ने कार्यमा उल्लेखनीय योगदान पुर्‍याएको र पार्टी निर्माणमा विगतमा देखाएको क्रियाशीलता, योगदान र समर्पणको उच्च मूल्याङ्कन गर्दै सम्मान गरिएको जिल्ला अध्यक्ष विष्टले बताउनुभयो।




# 'एमाले-कांग्रेस समीकरण आगामी निर्वाचनसम्मै कायम रहन्छ'

**पोखरापत्र संवाददाता**
लमजुङ, ४ जेठ




नेपाल कम्युनिष्ट पार्टी (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले एमाले-कांग्रेसको समीकरण आगामी २०८४ को निर्वाचनसम्मै कायम रहने बताउनुभएको छ।

आइतबार लमजुङ बेँसीसहर नगरपालिका-८ स्थित जिल्ला समन्वय समिति लमजुङको सभाहलमा आयोजित एमाले लमजुङको ९औँ जिल्ला अधिवेशन प्रतिनिधि परिषद्को प्रथम बैठक समापन कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो । वरिष्ठ उपाध्यक्ष पोखरेलले भन्नुभयो, "देश र जनताको हितका लागि दुई पार्टीको गठबन्धन सरकार बनेको हो। कांग्रेस वा एमालेबाट बेइमान भएमा मात्रै गठबन्धन टुट्ने हो नत्र पूरा अवधिसम्म दुई पार्टीको समीकरण रहन्छ ।" उहाँले सरकार ढल्छ, टिक्दैन भनेर हल्ला फैलाउने गरिएको भन्दै यस्तो कुनै समस्या नरहेको बताउनुभयो। "यसअघि पनि पटक/पटक विभिन्न कालखण्डमा कांग्रेस–एमाले मिलेर अघि बढ्दै देशलाई सङ्कटबाट जोगाउने काम गरेका छौँ। यसपटक पनि स्थिर सरकार र विकासको चाहना पूरा गर्न दुई पार्टी एकठाउँमा आएका हौँ, सोहीअनुसार काम गर्नुपर्छ", वरिष्ठ उपाध्यक्ष पोखरेलले भन्नुभयो। एमाले पार्टीमा निरन्तर क्रियाशील हुने र धर्य गर्न सक्ने क्षमता भएका व्यक्ति मात्रै टिक्ने भन्दै उहाँले अवसरवादी व्यक्तिहरू अवसरको खोजीमा सबैतिर चाहार्दै हिँड्ने धारणा राख्नुभयो। वरिष्ठ उपाध्यक्ष पोखरेलले मुलुक समृद्ध बनाउनका लागि एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनुपर्ने र त्यसमा पार्टी नेता, कार्यकर्ताको योगदान जरूरी रहेको बताउनुभयो।

एमाले केन्द्रीय सदस्य जमिन्द्रमान घले, गण्डकी प्रदेशसभा सदस्य यशोदा रिमाल, प्रदेश कमिटी सचिव धनञ्जय दवाडीलगायतले पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, ब्युझँदा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# सगरमाथा संवादको २५ बुँदे कार्य आव्हान

नेपाल सरकारले पहिलो पटक आयोजना गरेको सगरमाथा संवाद २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै सम्पन्न भएको छ। 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' विषयको पहिलो संस्करण यही जेठ २ देखि सुरु भएको थियो । सगरमाथा कार्य आह्वानले दिगो भविष्य सुनिश्चित गर्न साझेदारीलाई सुदृढ गरेर पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी विश्वव्यापी औसत तापक्रम वृद्धि हुन नदिने अत्यावश्यकतालाई पुनः पुष्टि गरेको छ । आफ्नो देश विशेष अनुकूलन आवश्यकता पूरा गर्न राष्ट्रिय अनुकूलन योजना विकास र कार्यान्वयन गर्न थप प्रोत्साहित गरिने, विकासशील र विशेष परिस्थितिमा रहेका देशमा जलवायु कार्य कार्यान्वयनका लागि अन्तरराष्ट्रिय वित्तीय सहायताको वृद्धि र परिचालन गर्न आह्वान गरिने उल्लेख छ। जलवायु परिवर्तनका कारण समस्यामा पर्ने मुलुकको अवस्थाका बारेमा सचेत पार्ने काम भएको छाप्रधानमन्त्री केपी शर्मा ओलीको हुटहुटीले सहज अवस्था नहुँदा पनि सगरमाथा संवाद हुनु र विश्वको ध्यानाकर्षण गर्न सक्नु सफलता हो ।

संवादले विकासशील र जलवायु परिवर्तनको जोखिममा रहेका देशलाई द्विपक्षीय, बहुपक्षीय र वैकल्पिक स्रोतबाट वित्तीय संयन्त्रका सञ्चालन निकाय र यूएनएफसीसीसी र पेरिस सम्झौताअन्तर्गतका कोषसहित अन्तरराष्ट्रिय जलवायु वित्तमा समान र सरलीकृत पहुँच सुनिश्चित गर्न सामूहिक प्रयासहरूलाई प्रोत्साहित गर्न आह्वान गरेको छ। पर्वतीय क्षेत्रहरूमा जलवायु कार्य र दिगो विकासका लागि लक्षित वित्तीय स्रोतहरू परिचालन गर्न पर्वतीय देशको विकासका लागि समर्पित कोष स्थापना गर्ने आह्वानलाईण समर्थन गर्ने र मौजूदा तथा नवप्रवर्तनकारी वित्तीय स्रोतहरूको उपयोग गरी पर्वतीय पारिस्थितिक प्रणाली सेवाहरूको मान्यता, सम्मान र पुरस्कृत गर्न प्राथमिकता दिने सगरमाथा कार्य आह्वानमा उल्लेख छ ।

दिगो जलवायु कार्यलाई बढावा दिन निजी क्षेत्रको वित्त र कार्बन बजारहरूको भूमिकालाई जोड दिने, जलवायुमैत्री प्रविधिमा पहुँच सहज बनाउन र क्षमता अभिवृद्धि गर्न विश्वव्यापी र क्षेत्रीय साझेदारीलाई सुदृढ गर्ने संवादको निष्कर्ष छाजलवायूको विषयमा नेपालले दिएको सन्देश सबैको अब त आँखा खुल्नुपर्छ । संवादले ग्रामीण र सहरी समुदाय दुवैमा सानादेखि ठूला स्तरका पूर्वाधारसम्म हरित, लचिलो र समावेशी विकास प्रवर्द्धन गर्ने महत्वलाई स्वीकार गर्दै स्वच्छ ऊर्जा, ऊर्जा दक्षता र न्यायपूर्ण ऊर्जाको महत्वलाई जोड दिने, स्वच्छ ऊर्जाका साथै हरित, चक्रीय र बायो-अर्थतन्त्रमार्फत भविष्यलागई शक्ति प्रदान गर्ने महत्त्वलाई स्वीकार गरेको छ। जलवायुजन्य विपद्हरूलाई सम्बोधन गर्न र हिमनदी, जलस्रोत, वन र कृषि प्रणालीको संरक्षणका लागि विज्ञान, प्रविधि र नवप्रवर्तनमा आधारित समाधानहरूलाई प्रवर्द्धन गर्ने आह्वानमा उल्लेख छ।

"क्षेत्रीय जलवायु, मनसुन, क्रायोस्फियर र जनस्वास्थ्यमा गहिरो प्रभाव पार्ने ट्रिपल प्लानेटरी क्राइसिस र अल्पकालीन जलवायु प्रदूषकहरूमा विशेष ध्यान दिई हिमाल र जलवायु परिवर्तन एजेन्डामा संवादलाई प्रोत्साहित गर्दछौं । विकासशील देशहरूको आवश्यकता अनुरूप तथ्याङ्क प्रणालीलाई सुदृढ गर्ने, तथ्याङ्क साझेदारी र अन्तरसञ्चालन सुनिश्चित गर्ने र जलवायु एट्रिब्युशन र पूर्वचेतावनी संयन्त्रहरू विकास गर्ने अत्यावश्यकतालाई स्वीकार गर्दछौं" सगरमाथा कार्य आह्वानका उल्लेख छ। बालबालिका, युवा, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको सक्रिय सहभागितामार्फत समावेशी जलवायु कार्यहरूलाई बढावा दिन र अन्तर-पुस्ता र अन्तर-पुस्ता समानता कायम राख्दै लैङ्गिक सन्तुलन कायम गर्ने आह्वानमा उल्लेख छ।

पर्वतीय समुदायहरूको आवाजलाई विश्वव्यापी जलवायु प्रक्रियाहरूमा बुलन्द गर्ने उद्देश्यले संवाद, नवप्रवर्तन र सशक्तीकरणका लागि हिमाल र जलवायु परिवर्तनसम्बन्धी बहु-सरोकारवाला अन्तरराष्ट्रिय मञ्चको सिर्जना गर्न आह्वान गरिएको छ। आह्वानमा भनिएको छ, "स्थानीय र आदिवासी समुदायहरूको जलवायु नीति, कार्यक्रम र कार्यहरूमा, अनुकूलन र संरक्षण पहलसहित भूमिकालाई स्वीकार गर्दछौं । वातावरणीय सेवाहरूको भुक्तानीका लागि संयन्त्रहरू विकास गर्ने आवश्यकतालाई जोड दिने र नवप्रवर्तनकारी जलवायु वित्तपोषण अपनाउन सक्षम बनाउन आह्वान गर्दछौं ।" नेपालको पहल र जलवायु परिवर्तनका असरलाई कसरी न्युनिकरण गर्ने बारेमा पनि सोच्न बाध्य पारेको छ। ज्ञान केन्द्र विकास, उत्कृष्ट अभ्यासहरू साझा गर्ने र जलवायु नीति, कार्यक्रम र कार्यहरूमा स्थानीय समुदायहरूको भूमिका बढाउने आवश्यकतालाई जोड दिइएको छ। संवादमा सगरमाथादेखि समुद्रसम्म र उच्च भूभागदेखि टापुसम्म गुञ्जिने गरी तत्काल जलवायु कार्यका लागि साझा आवाज बनाउने संकल्प गरिएको छ। नेपालको अगुवाइमा भएको विश्व सम्मेलनले नेपाल पनि गर्न सक्छ भन्ने प्रमाणित गरिदिएको छ।

# गण्डकी प्रदेश सभाको बैठक जेठ ११ गतेदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

गण्डकी प्रदेश सभाको बैठक यही जेठ ११ गते देखि बस्ने भएको छ।

प्रदेश प्रमुख डिल्लिराज भट्टले यही जेठ ११ गते आइतबार दिउँसो २:०० बजेका लागि प्रदेश बैठक आह्वान गर्नु भएको हो । हालै बसेको क्याविनेट बैठकले संसद बोलाउन प्रदेश प्रमुखलाई सिफारिस गरेको थियो ।

सरकारले बजेटका सिद्धान्त तथा प्राथमिकता यही जेठ १२ गते प्रस्तुत गर्ने भएको छ । बजेटका सिद्धान्त तथा प्राथमिकता माथि छलफल सकिए पछि नीति तथा कार्यक्रम प्रस्तुत हुनेछ।

सम्भवत जेठ २० गते तिर बजेटको नीति तथा कार्यक्रम प्रस्तुतः गरिने तयारी गरिएको सरकारका प्रवक्ता एवं आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले बताउनु भयो । संविधानतः असार १ गते प्रदेश सरकारको बजेट ल्याउनु पर्छ । हालसम्म प्रदेशको बजेट २९ अर्ब ५० करोड बराबरको ल्याउने गृहकार्य भएको श्रोतको दाबी छ।

# गलकोट अस्पतालमा 'ब्लड बैंक' सेवा

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ जेठ

गलकोटमा 'ब्लड बैंक' (रक्तसञ्चार सेवा) सञ्चालनमा आएको छ । दाताले लाखौँ रुपैयाँको उपकरण सहयोग गरेपछि नगर अस्पतालमा रक्तसञ्चार सेवा सञ्चालन भएको हो ।

दाताले रु १४ लाखको उपकरण तथा अन्य आवश्यक सामग्री सहयोग गरेपछि नगर पालिले रु १५ लाखमा पूर्वाधार निर्माण गरी सेवा सुरु गरेको हो । पश्चिम बागलुङमा अहिलेसम्म रक्तसञ्चार सेवा नहुँदा हजारौँ नागरिकले समस्या भोग्नुपरेको हुँदा दातासँग सहकार्य गरेर सेवा सुरु गरेको गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो। श्रीपाली बस्नेत समाज, रेडक्रस सोसाइटी जिल्ला शाखाले रक्तसञ्चार सेवाका लागि मेसिनलगायत अत्यावश्यक उपकरण दिएको छ । "नगरपालिकाले स्वास्थ्य क्षेत्रमा ठूलो लगानी गरेको छ, दूरदराजका नागरिक सामान्य उपचारका लागि पहिले पोखरा, काठमाडौँ जानुपर्ने बाध्यता थियो, अहिले नगर अस्पताल सञ्चालन गरेर विशेषज्ञ सेवा दिन थालेका छौँ", नगरप्रमुख गैरेले भन्नुभयो, "अहिले नगर अस्पतालको सेवा प्रभावकारी बन्दै गएको छ, यहाँ रक्तसञ्चार सेवाको निकै खाँचो थियो, यसपालि विभिन्न दातासँग सहकार्य गरेर त्यसको पनि व्यवस्थापन गरेका छौँ ।"गलकोट नगर अस्पतालका प्रमुख डा राजेश पौडेलले अस्पतालमा प्रसूति, शल्यक्रिया र गम्भीर दुर्घटनाका बिरामी आउने तर रक्तसञ्चार सेवा नहुँदा पोखरा, काठमाडौँ रिफर गर्नुपरेको भन्दै अब त्यो समस्याको समाधान भएको बताउनुभयो । पछिल्लो समय रक्तसञ्चार सेवा लिने बिरामीसमेत बढेको उहाँको भनाइ छ । शल्यक्रियामार्फत प्रसूति गराउने महिलालाई रक्तसञ्चार सेवाले महत्त्वपूर्ण सघाउ पुर्याउने डा पौडेल बताउनुहुन्छ । उहाँले भन्नुभयो, "गलकोट क्षेत्रमा एउटा 'ब्लड बैंक'को अतिआवश्यक थियो, पहिले यो सेवा नहुँदा यहाँबाट महिनामा करिब १२-१५ जना बिरामीलाई टाढा पठाउन बाध्य थियौँ, अब चाहिँ यहीबाट सेवा दिनसक्ने भएका छौँ, यो सेवाले पश्चिम बागलुङका छवटा पालिकाका हजारौँ नागरिक लाभान्वित हुने छन् ।" विसं २०७९ देखि सुरु भएको नगर अस्पतालमा हाल १५ शय्याको सेवा सुरु भएको छ । अस्पतालबाट अहिले भिडियो एक्सरे, अल्ट्रसाउन्ड, ल्याब, फिजियोथेरापी, आँखा उपचार केन्द्र, ओपिडी, सुत्केरी सेवासहित शव परीक्षण सेवा सञ्चालन भइरहेको डा पौडेलले बताउनुभयो ।

# दीपक माविका विद्यार्थी च्याउखेतीमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ जेठ

बेनी नगरपालिका-१० पात्लेखेतस्थित दीपक माध्यमिक विद्यालयका विद्यार्थीले च्याउखेती थालेका छन् । कक्षा ९ र १० मा अध्ययन गर्ने २३ जना विद्यार्थीले सामूहिक रूपमा 'केन्ये' जातको च्याउखेती गरेका हुन् ।

विद्यार्थीलाई व्यावहारिक ज्ञान, सीप सिकाउने र उद्यमशील बनाउने उद्देश्यले बेनी नगर पालिकाको 'हामी सक्छौँ, हामी गर्छौं' कार्यक्रमको सहयोगमा च्याउखेती गरिएको विद्यालयका प्रधानाध्यापक विष्णु ढुङ्गानाले जानकारी दिनुभयो ।

शुक्रबार र शनिबार टुक्रा पारेको २० भारी पराल आज बिहान पकाएर एक सय ५० वटा प्लास्टिकको थैलामा च्याउको बीउसहित विद्यालय परिसरको हाल प्रयोगविहीन रहेको पुरानो वडा कार्यालय भवनमा सेड बनाएर राखेका छन् । उत्पादन भएको च्याउ विद्यालयको दिवा खाजामा प्रयोग गर्ने, बढी भएको स्थानीय र सदरमुकाम बेनी बजारमा बेच्ने विद्यालयको योजना छ । विद्यार्थीलाई बेनी नगरपालिकाका कृषि प्राविधिक दिव्या बरालले च्याउखेती प्रविधिसम्बन्धी सैद्धान्तिक र व्यावहारिक तालिम दिनुभएको हो । 'हामी सक्छौँ, हामी गर्छौं' कार्यक्रममार्फत दीपक माविका ४६ जना विद्यार्थीलाई आर्थिक वर्ष २०८०/८१ मा भित्तेलेखन र आव २०७९/८० मा वायरिङसम्बन्धी तालिम दिइएको थियो । चालु आर्थिक वर्षमा दीपक माविसहित बेनी नगरपालिकाका १६ वटा सामुदायिक विद्यालयमा उक्त कार्यक्रम सञ्चालन भएको छ । विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख शुरत केसीले बताउनुभयो । कार्यक्रम सञ्चालनका लागि नगर पालिकाले प्रत्येक विद्यालयलाई रु एक लाख सहयोग गरेको छ। दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गरेर रोजगारी सिर्जना, स्वरोजगार बन्ने वातावरण बनाउन कार्यक्रम सहयोगी बन्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

# कोटिहोममा विभिन्न जात जातिको संस्कृति प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ



पोखरामा जारी श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञमा प्रवचनसँगै विभिन्न जात जातिको संस्कृति प्रदर्शन गरिएको छ।

कोटिहोममा सनातन हिन्दु धर्मको रक्षा सँगै विभिन्न जात जातिको संस्कृति जगेर्ना गर्ने उद्देश्यले पनि आइतबार देखि विभिन्न जात जातिको संस्कृति प्रस्तुत भएको हो । कोटिहोममा आइतबारदेखि हरेक दिन विभिन्न जात जातिको संस्कृति प्रदर्शन हुने सांस्कृतिक झाँकी प्रस्तुति संयोजक पब्लिक स्पिकर, मोटीभेटर, शिक्षा तथा संस्कृतिविद् डा. तुलसी प्रभास खनालले जानकारी दिए । उनका अनुसार कोटिहोममा कसैले आफ्नो विशेष संस्कृति प्रदर्शन गर्न चाहेमा आयोजकलाई सम्पर्क गर्न सक्नेछन् । कोटिहोममा आइतबार नवलपुरबाट मध्य विन्दु नगर पालिका वडा नम्बर ३ का अध्यक्ष मान बहादुर महतो, जिल्ला समन्वय समिति नवलपुरका सदस्य लोक नाथ अर्याल, थारु संस्कृतिका अनुसन्धानकर्ता हरिमाया चौधरी सहितको १ सय जनाको समूह कोटीहोम दर्शन र थारु संस्कृतिको प्रदर्शनका गरेका थिए। उनीहरूले लाठी नाच, झमटा, झुमरा लगायतका झाँकी सहितको नृत्य प्रस्तुत गरेका थिए । त्यसै गरी जेठ १० गते शनिवार दक्षिण एसियाकै पहिलो पर्यटकीय गाउँ दरौँ सिरुवारिबाट स्थानीय जात जाति बाजा गाजा सहित झाँकी प्रस्तुत हुने छ। उनीहरूले कोटिहोम विशेष गरी त्यहाँको थाली नृत्य प्रस्तुत गर्ने खनालले जानकारी दिए।

कोटिहोममा प्रख्यात साधु सन्तको प्रवचन र नेपालका ख्याति प्राप्त कलाकारको प्रस्तुति दिनहुँ रहेको छ । कार्यक्रममा अनन्त श्री विभूषित १००८ महामण्डलेश्वर वाल सन्त आचार्य स्वामी रामेश्वरानंद सरस्वती जी महाराजलाई कोटिहोमका सङ्कल्पकर्ता बालयोगेश्वर श्री विजय कृष्णमूर्तिजी महाराजले स-सम्मानका साथ विदाइ गरेका छन् । बौद्धिक धर्म परिषद्का मठाधिश स्वामी जगन्नाथ आचार्यले मानव सेवा फाउन्डेसनले सेवा सँगै सनातन धर्मको जगेर्ना गर्ने काम गरेको बताउँदै महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर श्री विजय कृष्णमूर्तिजी महाराजको यो सतत कार्यमा सबै जुट्नु पर्ने उल्लेख गरे। महन्त आदियोगि गौतम स्वामीले कोटिहोममा कथा प्रवचन तथा सन्देश दिएका थिए।

कोटिहोममा आइतबार भजन गायक रेसम सापकोटा, लोक गायिका तथा फाउन्डेसनकी केन्द्रीय उपाध्यक्ष राधिका हमालले भजन प्रस्तुत गरेका थिए । कोटिहोममा सोमवार वरिष्ठ लोक गायिका हरिदेवी कोइराला, लोकदोहोरी गायक राजु ढकाल, ६ गते हास्य कलाकार मेरी वास्यैकी पल्पसा डंगोल 'चम्सुरी' र २४ गते महानायक राजेश हमालको सहभागिता रहने प्रचार प्रसार संयोजक लेखराज ढकालले जानकारी दिए।


# ऋण भुक्तानी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८२/०२/०५)**

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यक्तिगत कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा-व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी आँफूले तिर्न बुझाउन बाँकी रहेको साँवा-व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गण्डकी प्रदेश सहकारी ऐन, २०७५, गण्डकी प्रदेश सहकारी नियमावली, २०७६, प्रचलित सहकारी मापदण्ड, नीति नियम तथा प्रचलित कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ।

| ऋणीको नाम थर ठेगाना | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|
| **नाम : बसन्ती कुमारी परियार कौशल**<br>पतिको नामः कुमार कौशल<br>ससुराको नामः सीताराम कौशल<br>स्थायी ठेगानाः भरतपुर म.न.पा.०९, चितवन<br>हालको ठेगानाः पोखरा म.न.पा.०६, कास्की<br>ना.प्र.नं.: ६१८७, चितवन,<br>जारी मितिः २०४८।०६।२३ | **नामः कुमार कौशल**<br>बाबुः सिताराम कौशल<br>बाजेः मान बहादुर कौशल<br>स्थायी ठेगानाः गर्दी गा.वि.स. ०८, चितवन<br>हालको ठेगानाः पोखरा म.न.पा.०६, कास्की | **बसन्ती कुमारी परियार कौशल**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम रहेको पो.म.न.पा.-०६, लेकसाइड स्थित नक्सा सिट नं. ०९३० ९१७२४ कि.न.१९१ कुल क्षेत्रफल १५८।९५ व.मि.मा बनेको घर समेत। |
| **नाम : गणेश अधिकारी**<br>बाबुको नाम : होम नाथ अधिकारी<br>बाजेको नाम : गुरु प्रसाद अधिकारी<br>स्थायी ठेगानाः पो.म.न.पा.२६, कास्की<br>हालको ठेगाना : पो.म.न.पा.२६, कास्की<br>ना.प्र.नं. : ४६१००२/७२७१, कास्की<br>जारी मिति : २०६९।०१।२२ | **नाम : होमनाथ अधिकारी**<br>बाबु : गुरु प्रसाद अधिकारी<br>बाजे : मनोरथ अधिकारी<br>स्थायी ठेगानाः राखी गा.वि.स.०५, कास्की<br>हालको ठेगानाः : पो.म.न.पा.२६, कास्की | **गणेश अधिकारी**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम रहेको मिजुरेडाडा-७, स्थित नक्सा सिट नं. ० ९४०८५६ कि.न.३१ को कुल क्षेत्रफल १-१०-३-० (८५०।४९, व.मि) को जग्गा। |

**नोटः** यस संस्थाबाट ऋण लिई ऋणको साँवा ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको साँवा, ब्याज बुझाई ऋण नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ। अन्यथा यसै बमोजिम ऋणी, धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ।

**विस्तृत जानकारीको लागि**

**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**

**पोखरा ८, सभागृहचोक**

**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाव | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# वालिङ र मुक्तिनाथ कृषि कम्पनीबीच सम्झौता

पोखरापत्र संवाददाता
स्याङ्जा, ४ जेठ

स्याङ्जाको वालिङ नगर पालिका र काठमाडौंको मुक्तिनाथ कृषि कम्पनीबीच साझेदारी पत्रमा हस्ताक्षर भएको छ। 'एक स्थानीय संरचना, एक कृषि परियोजना' कार्यान्वयनको संभाब्यता अध्ययन गर्न नगरपालिका र मुक्तिनाथ कृषि कम्पनीबीच साझेदारी पत्रमा हस्ताक्षर गरी सम्झौता गरिएको हो।

नगरपालिकाको तर्फबाट नगर प्रमुख कृष्ण खाँण र कम्पनीका तर्फबाट प्रबन्ध निर्देशक भरतराज ढकालबीच समझदारी पत्रमा हस्ताक्षर भएको हो। 'एक स्थानीय संरचना, एक कृषि परियोजना' लाई नमुनाको रुपमा सार्वजनिक निजी समुदायको साझेदारीमा कार्यान्वयनको संभाब्यता सम्बन्धी आवश्यक कार्यहरु गर्ने प्रयोजनका लागि साझेदारी भएको नगर प्रमुख खाँणले बताए। नगरपालिका र मुक्तिनाथ कृषि कम्पनीको सहकार्यमा स्थानीय आवश्यकता र ब्यवसायिक संभाब्यताको आधारमा कृषि मूल्य श्रृंखलासँग सम्बन्धित विभिन्न परियोजनाहरु स्थानीय समुदायसँग सहकार्य गरी सञ्चालन हुने भएको छ। विस्तृत परियोजना रिपोर्ट तयार गरी स्थानीय समुदायको दीगो आर्थिक र सामाजिक रुपान्तरणको कार्यान्वयन गर्ने उद्देश्य रहेको खाँणले बताए। दुई पक्षबीच भएको समझदारी पत्रमा कृषि ब्यवसायीकरण, स्तरीकरण, स्थानीय समस्याहरुको पहिचान गर्ने उल्लेख गरिएको छ। कृषक तथा उपभोक्ताको आवश्यकता, श्रोतको पहिचान र ब्यवसायिक संभाब्यताको आधारमा कृषि मूल्य श्रृंखलासँग परियोजनाको खोजी र पहिचान गरिने भएको हो। स्थानीय आर्थिक सामाजिक रुपान्तरणका लागि सबैभन्दा उपयुक्त नमूना र दीगो परियोजना छनोट गरी नगर पालिकाको सिफारिस अनुसार स्थानीय युवाहरुलाई मुक्तिनाथ उद्यम केन्द्रमार्फत स्वरोजगार बनाउन कम्पनीले सहकार्यको प्रक्रियालाई अगाडी बढाएको कम्पनीका प्रबन्ध निर्देशक ढकालले बताए।

निर्देशक ढकालका अनुसार कम्पनीले कृषि मूल्य श्रृंखला ब्यवस्थापन अर्न्तगत उपलब्ध उत्पादन, प्रशोधन, पोष्ट हार्भेष्ट ब्यवस्थापनसँग सम्बन्धित गुणस्तरीय वस्तु तथा सेवाहरु कृषकहरु समक्ष पुऱ्याउन सहयोग गर्नेछ। कम्पनीले नगरपालिकालाई वार्षिक कृषि योजना, वार्षिक कृषि परामर्श सेवा, विभिन्न प्रविधिहरुको प्रयोग, तालिम तथा परीक्षणमा सहयोग गर्ने सम्झौता अवधि एक वर्षको रहने छ।

त्यस्तगरी वालिङ र मुक्तिनाथ लाईभस्टक बैंक लिमिटेडबीच नगरपालिकासँग आवद्ध भएका कृषकहरुले उत्पादन गरेका खसी बोका खरिद गरी बधशालामा बध गर्ने प्रयोजनका लागि सम्झौता भएको हो। यस परियोजना अन्तर्गत कृषकहरुले उत्पादन गरेका खसी बोका आँफै बिक्री गर्न पनि पाउने र बिक्री नभएको खण्डमा कम्पनी मार्फत खरिद गरिदिने ब्यवस्था मिलाईएको नगरपालिकाले जनाएको छ।

# तरुण दलको अधिवेशनमा खुकुरी प्रहारबाट चारजना घाइते

पोखरापत्र संवाददाता
लमजुङ, ४ जेठ

नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल तरुण दल लमजुङको जिल्ला अधिवेशनमा खुकुरी प्रहारबाट चारजना घाइते भएका छन्।

ल म ज ु ङ बैंसीसहर नगरपालिका-८ स्थित प्रगतिटोल आमा समूह भवनमा आयोजित कार्यक्रममा शनिबार तरुण दलको पाँचौं जिल्ला अधिवेशनको उद्घाटनसत्रमा खुकुरी प्रहार भएको हो। घाइते हुनेमा बैंसीसहर नगरपालिका-९ का वडाध्यक्षसमेत रहनुभएका तरुण दलका क्षेत्रीय सभापति खुसीजङ्ग गुरुङ, नेपाली कांग्रेस लमजुङका जिल्ला कार्यसमिति सदस्य किशोर जङ्ग बस्नेत, नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य सुदीप अधिकारी र नेपाल तरुण दलका सदस्य धन घले घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेशम बोहोराले जानकारी दिनुभयो। घाइतेमध्ये खुसीजङ्ग र सुदीपलाई सियमी चितवन मेडिकल कलेज भरतपुर लगिएको छ।

प्रतिनिधि छनोट विवादका कारण झगडा हुँदा उनीहरूमाथि खुकुरी प्रहार भएको हो। दुई समूहबीच झडप हुँदा उनीहरू घाइते भएको प्रहरीले जनाएको छ। पूर्णकालीन सदस्यता, प्रतिनिधि छनोट गर्नेलगायत विषयमा उनीहरूबीच विवाद भएको बताइएको छ।

# 'नदी किनारका बस्ती संरक्षणका योजनालाई प्राथमिकता दिइने'

पोखरापत्र संवाददाता
बेनी, ४ जेठ

ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले म्याग्दीका नदी किनारका तटीय बस्ती संरक्षणका लागि आफूले पहल गर्ने बतानुभएको छ।

राज्यमन्त्री नियुक्त भएपछि गृहजिल्ला आउनुभएका गर्बुजाको सम्मानमा नेपाली कांग्रेस म्याग्दीले आइतबार बेनीमा आयोजना गरेको समारोहमा उहाँले ठूला नदीको किनारमा रहेका बस्तीहरू जोगाउन तटबन्धन गर्ने योजनालाई प्राथमिकता दिइने बताउनुभयो। सदरमुकाम बेनीबजार र तातोपानी बजार संरक्षणको योजनालाई निरन्तरता दिइने उल्लेख गर्दै उहाँले अन्य ठाउँका तटीय बस्तीलाई नदी कटानबाट जोगाउन संरक्षणको योजनामा बजेट विनियोजन गर्न पहल थालेको बताउनुभयो।

"म्याग्दी नदी कटानको दृष्टिकोणमा जोखिमयुक्त मानिन्छ, सबै क्षेत्रमा एकैसाथ काम गर्न कठिनाइ छ, तर जतिसक्दो धेरै क्षेत्रमा बजेट भित्र्याउन पहल गर्छु", उहाँले भन्नुभयो। राज्यमन्त्री गर्बुजाले म्याग्दीका सडकलगायतका अन्य विकास निर्माण योजनामा समेत अन्य मन्त्रालयबाट बजेट व्यवस्थापन गर्न आफू जुटेको जानकारी दिनुभयो। कार्यक्रममा संविधानसभा सदस्य रेशमबहादुर बानियाँ, पार्टीका कार्यवाहक सभापति हरिकुमार श्रेष्ठ, उपसभापति केबी भण्डारीलगायतको उपस्थिति रहेको थियो।

# जिपी कोइराला अस्पताललाई तीन सय शैयामा स्तरोन्नति गरिने

पोखरापत्र संवाददाता
दमौली, ४ जेठ

तनहुँको शुक्लागण्डकी नगर पालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई तीन सय शय्यामा स्तरोन्नतिका लागि प्रक्रिया सुरु भएको छ।

अस्पतालको स्तरोन्नति गरी देशकै ठूलो श्वासप्रश्वास उपचार केन्द्र बनाउने लक्ष्य राखिएको छ। त्यसका लागि अस्पतालको विस्तृत अध्ययन प्रतिवेदन (डिपीआर) तयार भइसकेको अस्पतालका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। अस्पतालको स्तरोन्नति प्रक्रियाअन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि क्षेत्र निर्धारण गर्न लागिएको र त्यसका लागि सहरी विकास तथा भवन निर्माण विभागले सूचना जारी गरेको उहाँले बताउनुभयो। उपचार केन्द्रको अस्पताल भवनको स्तरोन्नति, आयोजना निर्माण तथा सञ्चालन गर्न, प्रस्तावित आयोजनाको संरचनामा अस्पताल भवन, आकस्मिक सेवा भवन, बहिरङ्ग विभाग, प्रशासनिक भवन, व्यावसायिक भवन, कुरुवा घर, कर्मचारी आवास, खानेपानी ट्याङ्की, अक्सिजन प्लाण्ट, फोहर व्यवस्थापन कक्ष, शवगृह, खेलमैदान, पार्किङ, बहुउद्देश्यीय भवन, पार्क र हेलिप्याड प्रस्ताव गरिएको छ। त्यसका लागि पाँच सय ४७ रोपनी जग्गा आवश्यक पर्ने देखिएको डा श्रेष्ठले बताउनुभयो। पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको स्मृतिमा स्थापना भएको श्वासप्रश्वाससम्बन्धी विशिष्टिकृत अस्पतालमा हाल पचास जनरल वार्ड मात्र रहेकाले श्वासप्रश्वासका बिरामीको उपचारमा समस्या भइरहेको छ। सरकारले विसं २०६७ मा केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व विसं २०७५ मा उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो। हाल उपचार केन्द्रको नाममा सात सय ४० रोपनी जग्गा प्राप्ति भइसकेको छ। पचास शैय्याको अस्पतालमा सवारी दुर्घटनाका घाइतेबाहेक झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन्। जनतालाई सहज रूपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्यसहित सुविधा विस्तार गरिएको अस्पतालले जनाएको छ। अस्पतालमा तनहुँको शुक्लागण्डकी, भीमाद नगर पालिका र म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासीका केही गाउँपालिकाबाट सेवाग्राही आउने गरेका छन्। अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ। त्यसबाहेक अस्पतालले केही समय अगाडिबाट कल्चर सेवा पनि सुरु गरेको छ। अस्पतालमा बहिरङ्ग (ओपिडी) सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, प्रयोगशाला, भिडियो एक्सरे, माइनर अप्रेसनलगायत सेवा दिइरहेको छ। अस्पतालमा दैनिक दुई सय ५० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेकामा तीमध्ये करिब ५० जना बिरामी श्वासप्रश्वाससम्बन्धीका रहेका अस्पतालले जनाएको छ।


## माडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गरिने आशयको सूचना

प्रकाशित मितिः २०८२/०२/०५

मिति २०८२/०१/१७ गतेको "राजधानी दैनिक" पत्रिकामा प्रकाशित सूचना बमोजिम आ.व. २०८१/८२ को तपशिल बमोजिमको बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएको बोलपत्र मूल्याङ्कन गर्दा तपशिल उल्लेखित बोलपत्र सारभूत रुपमा प्रभावकारी भएको पाइएकोले सो बोलपत्र स्विकृतिको लागि छनौट भएको हुँदा मिति २०८२/०२/०३ को कार्यालयको निर्णयानुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम यस बोलपत्रमा भाग लिने सबै बोलपत्रदाता र सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र.स. | ठेक्का नम्बर | बोलपत्रको विवरण | स्वीकृतिको लागि सिफारिस बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्र को कबोल अंक र रकम (भ्याट र पि.एस बाहेक) रु. |
|---|---|---|---|---|
| १. | MRM/NCB/W09/081-082 | Construction Of Yangjakot Jyamdu sadak Khand Madi-3 | मष्टामाण्डौ निर्माण सेवा, त्रिवेणी नगरपालिका-२, बाजुरा | २६,७०,९४२.७५ |



## कर्जा चुक्ता गर्न आउने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८२/०२/०५ गते)**

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट विभिन्न ऋण शीर्षक अन्तर्गत ऋण उपभोग गर्नु भएकोमा उक्त ऋणको समय-समयमा तिर्नु बुझाउनु पर्ने साँबा, व्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई सहकारीसँग गरेको ऋण सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गर्नुभएकोले पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत ऋणको साँवा, व्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउने तर्फ कुनै पहल नगरेको हुनाले निजको नाममा यस सहकारीमा रहेका सम्पूर्ण ऋणहरु चुक्ता, भुक्तानी गर्नुहुन् यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सहकारीमा सम्पर्क राखी बुझाउनु पर्ने साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ताभुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र सहकारी बीच भए गरेका शर्त सम्झौता, सहकारीको नियम, सम्बन्धी ऐन २०७४ तथा अन्य प्रचलित कानूनले सहकारीलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित व्यक्तिलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखी पठाई ऋणोको धितो सुरक्षण स्वरुप सहकारीलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी सहकारीले धितो सकारेमा वा लिलाम बिक्रीबाट सहकारीको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणीको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सुसूचित गरिन्छ।

**तपशील**

| क्रं. स | ऋणी सदस्यको विवरण | धनजमानी सदस्यको विवरण | धितो रहेको सम्पति विवरण | रकम |
|---|---|---|---|---|
| १. | नामः बाल मुकुन्द कक्षपती<br>बाबुको नामः गोपाल<br>बाजेको नामः नारायण भक्त<br>नागरिकता नं.: ९१२७३<br>जारि मितिः २०५७/०२/३१<br>जिल्ला प्रशासन कार्यालय (काभ्रेपलान्चोक) | नामः चन्द्रमण वि.क<br>ठेगानाः पोखरा १९, लामाटोल<br>नागिरता नंः १२५३७६<br>जारी मितिः २०४०/०४/२०<br>जारी जिल्लाः कास्की<br>वुवाको नामः<br>सम्पर्क नंः ९८०६५०२५९५ | जिल्लाः कास्की, महतगौडा<br>पोखरा म.न.प.-१७<br>क्षेत्रफलः ७९.५० वर्ग मिटर<br>नक्सा सिट नं.: ०९३१०८००९<br>कित्ता नं.: ११० | ६३,००,०००/-<br>(अक्षेरुपी त्रिसठी लाख) |

**कदम बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१४, कदम मार्ग, कास्की
फोन नं. ०६१-५९०२५६



## ऋण तिर्न आउने बारेको अन्तिम ७ दिने सूचना

**प्रकाशित मिति २०८२/०२/०५ गते (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखि सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनुभएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा ब्याज एवम् अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गर्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि नतिरी बसेकाले आजको मितिले ७ दिनभित्र तिर्न आउनको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि तोकिएको समय सिमा भित्र नतिरी आलटाल गरेमा लिलामी प्रक्रिया अगाडि बढाइने जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. |  | **नाम थरः सर्मिला गुरुङ**<br>ना. प्र. प. नं.: २३३१२, कास्की<br>ठेगानाः पोखरा -१३, कास्की<br>हालः पोखरा १३, कास्की<br>पतिको नामः कमान सिं गुरुङ<br>ससुराको नामः पतिराम गुरुङ | **सर्मिला गुरुङ**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा १३ को कि.नं. १६९ र १९७ को क्षेत्रफल क्रमशः ८९ र ६० व.मि. र सो जग्गामा बनेको घर |

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३ बाँझापाटन
फोन नं.: ०६१-५८३८८१, ५९०६७३